राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर

**बैठक संख्या : ०९/२०८२/०८३**

मिति : २०८२/१२/२४ गते मंगलवार

समय : बिहान ८:०० बजे

आज मिति २०८२ चैत्र २४ गते मंगलवार बिहानको ८:०० बजे गाउँ कार्यपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्युको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८२/०८३ को नवौं बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिँहलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री सन्देश मास्के | |

CS CamScanner

राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर

बैठक संख्या : ९/२०८२/०८३

मिति : २०८२/१२/२४ गते आईतबार

समय : बिहान ८:०० बजे

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

विपद् व्यवस्थापन समितिको बैठकको निर्णय

एस ई ई परिक्षा

एकिकृत घरदैलो शिविर सम्पन्न

परिमार्जित कार्यालय समय

**निर्णय नं. २:**

चालु आर्थिक वर्षको २०८२।०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार गाउँपालिकाको हालसम्मको आय व्यय विवरण निम्नानुसार रहेको छ।

क्षेत्रगत बजेट तथा खर्च

आ.व. २०८२/०८३ अवधीः २०८२/०४/०१- २०८२/१२/२३

| सि.न. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,५०,८५,००० | ३८,९०,०३३.०० | १०.२३ |
| २ | सामाजिक विकास | २४,८७,३७,८१७ | १२,०८,९१,२४३.५५ | ४८.७१ |
| ३ | पूर्वाधार विकास | १८,७७,७७,००० | ५,२१,६४,८७६.५० | २७.५९ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ७३,०६,००० | ४४,०८,९१०.०० | ५५.४२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,६३,२५,४७२ | ६,१३,९४,३२५.३९ | ४०.४ |
| कुल जम्मा | | ६३,५२,३१,२८९ | २४,२७,४९,३८८.४४ | ३८.२१ |

आय व्ययको विवरण

आ.व. २०८२/०८३ अवधीः २०८२/०४/०१- २०८२/१२/२३

| सि.न | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|---|
| १ | संघीय सरकार | ३३,२९,००,०००.०० | २२,९४,००,७५०.०० | ६८.९१ |
| २ | प्रदेश सरकार | ६,७३,२४,०००.०० | ३,३३,४३,५००.०० | ४९.५३ |
| ३ | राजस्व बाडफाड | १८,००,७७,२८९.०० | ८,४६,३९,५०४.०४ | ४७ |
| ४ | अन्तरिक श्रोत | ५,४९,३०,०००.०० | ८३,०४,२१३.३३ | १५.१२ |
| ५ | जनसहभागिता | ० | ० | |
| जम्मा | | ६३,५२,३१,२८९.०० | ३५,५६,८७,९६७.३७ | ५५.९९ |

| सि.न | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|---|
| १ | चालु | ४१,६०,४४,४७२.०० | १८,५५,८२,०४६.९४ | ४४.६५ |
| २ | पूंजीगत | २१,९१,८६,८१७.०० | ५,७१,६७,३४१.५० | २६.०३ |
| जम्मा | | ६३,५२,३१,२८९.०० | २४,२७,४९,३८८.४४ | ३८.२१ |

उपरोक्तानुसारको आय व्यय विवरण अनुमोदन गर्दै गाउँपालिकाको समग्र भौतिक तथा वित्तीय प्रगतिलाई अझै तीव्रत्तर रुपमा अगाडी बढाउन गाउँ कार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र सम्पूर्ण सरोकारवालाहरुलाई आग्रह गर्ने।

CamScanner

**<u>निर्णय नं. ३:</u>**

आ.व २०८२/०८३ को स्विकृत बार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत रहि कार्यसम्पन्न भएका तपशिलका योजना तथा कार्यक्रमहरुको लागि विभिन्न मितिमा बसेको फरफारक समितिबाट फारफारक तथा भुक्तानीका लागि भएका संलग्न विवरण बमोजिमका योजना तथा कार्यक्रम सम्पन्न भएको निर्णय अनुमोदन गर्ने।

**<u>निर्णय नं. ४:</u>**

आ.व २०८२/०८३ को नादिजन्य पदार्थको राक्सिराङ्ग गाउँपालिकाको क्षेत्रभित्र रहेका बालुवा तथा क्रसर उद्योगमा गत आ.व. मा खरिद तथा बिक्रि कार्यमार्फत बाकी रहेको नदिजन्य पादर्थको प्रमाणित मौजदात र बगर क्षेत्रमा मानिसद्धारा संकलन गरेको बालुवा निकासीका कर संकलनका लागि अमानत मार्फत मिति २०८२/०८/1 देखी मिति २०८२/१२/०५ सम्म भ्याट र बाताबारण शुल्क सहित रु ३३१६६२२ **(अक्षेरुपी रु तेतिस लाख सोह हजार छ सय बाइस मात्र)** राजश्व संकलन गरिएको । साथै नदिजन्य पदार्थको उत्खनन,खरिद,बिक्रि तथा निकासीका लागि अह्वान गरेको बढाबढ को आय ठेक्का श्री महालक्ष्मी ट्रेड इन्टरनेशल प्रा.लि काठमाण्डौले रु २९९४७४७५.०० **( भ्याट सहित अक्षेरुपि रु दुइ करोड उन्नासय लाख सतचालिस हजार चार यस पचहतर मात्र)** मा सकार गर्न सम्झौता भइ मिति २०८२/१२/०६ कार्यगर्न कायदिश दिएको ।उक्त कम्पनीले बमोजिमको गाउँपालिकालाई बुझाउनु पर्ने ठेक्का अनुरुपको राजश्व रकम एकैपटक भुक्तानी गर्न असमर्थ जनाइ तपशिल अनुसारको राजश्व रकम भुक्तानी गर्न भुक्तानी तलिका पेश गरि अनुरोध गरेको सो अनुरोधलाई मनन गरि राजश्व परामर्श समिति र श्रदेय अध्यक्ष ज्यूको समक्ष पेश गरी छलफल गर्दा भएको निर्णय अनुरुप सो भुक्तानी तालिकाको अनुमोदन गर्ने।

तपशिलः

| सि.नं. | समयसिमा | बुझाउनु पर्ने दायित्व | कैफियत |
|---|---|---|---|
| १ | सम्झौता हुने मिति सम्म | कबोल अंकको कम्तीमा ३०% नगद र ५०% बैक जमानत । | |
| २ | २०८२/१२/२० | कबोल अंकको नगद बाँकी कम्तीमा २०% रकम । | पहिलो किस्ता |
| ३ | २०८३/०१/१५ | कबोल अंकको बैक ग्यारेन्टी रकमको ५०% रकम । | दोश्रो किस्ता |
| ४ | २०८३ जेष्ठ मसान्त सम्म | बैक ग्यारेन्टी रकमको बाँकी पुरै रकम | अन्तिम किस्ता |

**<u>निर्णय नं. ५:</u>**

यस गाउँपालिकाको गाउँस्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८२ चैत्र ४ गते बसेको बैठकले गरेको निर्णय अनुमोदन गर्ने।

CamScanner

निर्णय नं. ६:

शिक्षा ऐन २०२८, (संशोधन सहित) दफा ११(ट) २ बमोजिम यस गाउँपालिकाको गाउँ शिक्षा समितिको समयावधि समाप्त भएकोले शिक्षा ऐन २०२८, (संशोधन सहित) दफा ११(ट) बमोजिम तपसिल अनुसारको सदस्यहरु रहनेगरी गाउँ शिक्षा समिति पुनर्गठन गर्ने।

१. संयोजक- श्री राजकुमार मल्ल (गाउँपालिका अध्यक्ष)

२. सदस्य- श्री बनस्तम थिङ्ग (गाउँपालिका उपाध्यक्ष)

३. सदस्य- श्री युसाई प्रजा (सामाजिक विकास समिति संयोजक)

४. सदस्य- श्री सन्देश मास्के (प्रमुख प्रशासकीय अधिकृत)

५. सदस्य- श्री शुक्र राज प्रजा (गाउँसभा सदस्य)

६. सदस्य- श्री अनिशा चेपाङ (गाउँसभा सदस्य)

७. सदस्य- श्री विश्व लाल थिङ् (वि.व्य.स. अध्यक्ष श्री आधारभूत विद्यालय देविटार)

८. सदस्य- श्री बच्ची माया नेगी

९. सदस्य- श्री राज कुमार नेपाली

१०. सदस्य- श्री विपि माया मुक्तान

११. सदस्य- श्री लाल माया प्रजा (प्र अ श्री राष्ट्रिय मा वि सिलिङ्गे)

१२. सदस्य- श्री श्री विर बहादुर वाइबा (प्र अ श्री प्रजा प्रगती आ वि कुडुले)

१३. सदस्य सचिव- श्री पंकस थारु (शिक्षा अधिकृत)

निर्णय नं. ७:

यस गाउँपालिकामा चालु आर्थिक वर्षको लागि संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान शिर्षक चेपाङ्ग जीवनस्तर सुधार तथा आयआर्जन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट सञ्चालन गर्ने गरी मिति २०८२/०४/२७ मा स्वीकृत क्रियाकलापहरु तपसिल बमोजिम हुने गरी संशोधन गर्ने। साथै उक्त कार्यक्रम कृषि पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ बमोजिम संचालन गर्ने।

| क्र.सं. | क्रियाकलाप | बजेट (रु.) |
|---|---|---|
| १ | आधुनिक कृषि औजार वितरण कार्यक्रम | ८००००० |

| | | |
|---|---|---|
| २ | बाली संरक्षण कार्यक्रम | ५००००० |
| ३ | बिउविजन/विरुवा सहयोग | ८००००० |
| ४ | मौरी प्रवर्द्धन कार्यक्रम | ८००००० |
| ५ | बंगुर प्रवर्द्धन कार्यक्रम | ४००००० |
| ७ | क्षमता विकास तालिम/अनुगमनतथतथा मूल्याङ्कन/ढुवानी व्यवस्थापन | २००००० |
| ८ | कृषि समुह/सहकारी/फर्मसँगको साझेदारीमा संचालन हुने क्रियाकलापहरु | ४०००००० |
| | जम्मा | ७५००००० |

**निर्णय नं. ८:**

गाउँपालिकाको लागि चालु आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार बन उपक्षेत्र अन्तर्गत विनियोजित बजेट अन्तर्गत देहायका शीर्षकका कार्यक्रमहरु गाउँपालिका आँफैले सञ्चालन गर्दा भन्दा स्थानीय बन कार्यालयमार्फत सञ्चालन गर्दा प्राविधिक रुपले प्रभावकारी रुपमा कार्यक्रम सम्पन्न हुने र अन्तरतह समन्वय र सहकार्य समेत हुने भएकोले बन कार्यालयसँग प्रस्ताव माग गरी कार्यक्रम अगाडि बढाउन आवश्यक कार्यको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

| सि. नं. | कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | साबिकको ४ गा. वि. स. हरुमा नर्सरी बेड निर्माण | ४००००० | |
| २ | बन कार्यालयको साझेदारीमा खाली जमिनमा वृक्षारोपण कार्यक्रम | २००००० | |

**निर्णय नं. ९:**

गाउँपालिकाको लागि चालु आर्थिक वर्षको लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार प्रदेश समपुरक अनुदान तर्फको Yamdul Khola Reservoir Dam Construction Works, PRO/RAK/NCB/9-82/83 को उचित तथा प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकामा सम्बन्धित विषयमा विज्ञता भएका जनशक्ति उपलब्ध नभएकोले सेवाप्रदायक संस्था छनौट गरि supervision contract को माध्यमले उक्त ठेक्काको कार्य अगाडि बढाउने।

CamScanner

निर्णय नं. १०:

गाउँपालिकामा सञ्चालित देहायका योजनाहरूको ठेक्काको म्याद देहाय अनुसार थप गर्ने

| सि न | ठेक्काको नाम | साविकको म्याद | अब थप हुने म्याद |
|---|---|---|---|
| १ | Construction of Sarikhet Health Post Building (Type -02), PRO/RAK/BLDG/01-2081/082 | २०८२-१२-३० | २०८३-०२-१५ |
| २ | Construction of 10 Bed Hospital, RAK/BLDG/NCB-22/77/78 | २०८२-१२-३० | २०८३-०२-१५ |

निर्णय नं. ११:

Silinge Kuitan Damgrang Garling Dhirang Sadak को प्रारम्भिक वातावरणिय प्रतिवेदन (IEE) को लागि परामर्शदाता संस्था आरशिज ईन्जीनियरिङ्ग कन्सल्टेन्सी प्राईभेट लिमिटेड, ललितपुर ले पेश गरेको कार्यसुचि(TOR) स्वीकृत गर्ने।

निर्णय नं. १२:

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्यविधि आ ब २०८२/०८३ अनुसार संघीय सशर्त अनुदान तर्फ विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन अन्तर्गत विनियोजित बजेटबाट रु. ६,००,००० (छ लाख) को पुस्तकालय र रु. ४,००,००० (चार लाख) को भर्चुअल सामग्रीका लागि यस गाउँपालिका अन्तर्गत सञ्चालित श्री बागेश्वरी आधारभूत विद्यालय राक्सिराङ्ग-९ लाई छनौट गर्ने। साथै संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फको विषयगत ल्याब व्यवस्थापनका लागि आ ब २०८२/०८३ मा विनियोजित बजेट रु. ५३०००० (पाँच लाख तीस हजार) हजारबाट विज्ञान प्रयोगशाला स्थापनाका लागि यस गाउँपालिका अन्तर्गत सञ्चालित श्री माध्यमिक विद्यालय देविटार राक्सिराङ्ग-८ लाई छनौट गर्ने।

निर्णय नं. १३:

स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरूको बारेमा लेखाजोखा गरी, वित्तीय प्रणाली, व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाई सबल र दुर्वल पक्षहरूको पहिचान गर्ने विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्ने र गाउँपालिका तथा नगरपालिकाहरूको विचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाइ सक्षम र प्रभाबकारी बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको "स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२" अधिनमा रही स्थानीय तहको स्वमूल्याङ्कनका विषय क्षेत्रहरुमा देहाय बमोजिमको प्रारम्भिक नतिजा स्वमूल्याङ्कन समिति हुँदै विषयगत समितिहरुमा सम्बन्धित विषयक्षेत्रका नतिजाहरुमाथि छलफल गरी प्राप्त पृष्ठपोषणको आधारमा थप सुझाव सहित संशोधित प्रतिवेदनमाथि यस कार्यपालिकाको वैठकमा छलफल गरी प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालयमा पेस गर्ने।

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS):

| क्र.स | सूचक क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सूचक क्षेत्र १ : सुशासन तथा संस्थागत विकास | ४० | २६.१ | |

| | | | | |
|---|---|---|---|---|
| २ | सूचक क्षेत्र २ : सामाजिक विकास | २० | १०.१ | |
| ३ | सूचक क्षेत्र ३ : आर्थिक विकास | २० | ९.४ | |
| ४ | सूचक क्षेत्र ४ : पूर्वाधार | १० | ४.९ | |
| ५ | सूचक क्षेत्र ५ : वन वातावरण तथा विपद व्यवस्थापन | १० | २.८ | |
| | कुल जम्मा | १०० | ५३.३ | |

**निर्णय नं. १४:**

यस गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गीकरणको लागि मापदण्ड निर्धारण सम्बन्धमा गाउँपालिकास्तरीय स्थानीय भूउपयोग परिषद्को मिति २०८२ चैत्र २४ को बैठकको निर्णयमाथि छलफल गरी सो निर्णय अनुमोदन गर्ने।

**निर्णय नं. १५:**

गाउँपालिकाको प्रमुख आन्तरिक आयको रुपमा रहेको नदीजन्य पदार्थको उत्खनन संकलन र निकासी सम्बन्धी चालु आर्थिक वर्षको ठेक्काको कामलाई नियमित र व्यवस्थित बनाउँदै ठेकेदारको कार्यको निरन्तर अनुगमन गर्ने कार्यको लागि देहायबमोजिम अनुगमन समिति गठन गरी आवश्यक अनुगमन गर्न निर्देशन दिने।

देहाय:

| | |
|---|---|
| संयोजक | -गाउँपालिका उपाध्यक्ष श्री बनस्तम थिङ्ग |
| सदस्य | -५ नं वडा अध्यक्ष श्री हरि बहादुर प्रजा |
| सदस्य | -३ नं वडा अध्यक्ष श्री उत्तम वाईबा |
| सदस्य | -४ नं. वडा अध्यक्ष श्री सञ्जय कोईराला |
| सदस्य | -सहायक लेखा अधिकृत श्री सत्येन्द्र आचार्य |
| सदस्य | -ईन्जिनियर श्री धर्मराज चौधरी |
| सदस्य सचिव | -राजश्व शाखा प्रमुख अधिकृत छैठौं श्री चुन नारायण श्रेष्ठ |

CamScanner

**निर्णय नं. १६:**

गाउँपालिकाको वडा नं ६ मा निर्माणाधिन Procurement and Delivery of Goods for the Construction of Dhusarang Sinchai Yojana को भेरिएशन आदेश सम्बन्धमा प्राविधिक शाखाबाट पेश भए अनुसारको भेरिएशन आदेश स्वीकृत गर्ने।

**निर्णय नं. १७: विविध**

क. ईस्थर बेन्जामिन स्मृति संस्थाको आर्थिक सहयोगमा काँकडा स्वास्थ्य चौकीबाट सञ्चालनहुने गरी MAHENDRA BOLLERO AMBULENCE 4WD(Engine Capicity2523cc) को एम्बुलेन्स खरिद गर्न आवश्यक प्रक्रिया अगाडी बढाईकोमा अग्नि इन्कोर्पटेडप्रा.ली.ले हाल छ महिना सम्म एम्बुलेन्स उपलव्ध गराउन नसक्ने भनी परिपत्र गरेकोहुँदा उक्त प्रक्रिया स्थगित गरी "एम्बुलेन्स सेवा निर्देशिका, २०८२" बमोजिम बहुउद्देश्य गाडी (वागेन आकारको) "ख" वर्गको TATA MOTORS, TATA4SPCR को एम्बुलेन्स क्याटलग विधिबाट खरिद गर्न आवश्यक प्रक्रिया आगाडी बढाउन सार्वजनिक खरिद इकाईलाई निर्देशन दिने निर्णय गरियो।

ख. गाउँपालिकामा सञ्चालन भैरहेको श्री ठाडेचुरी आधारभुत अस्पताल संचालन तथा व्यवस्थापनको क्रममा हुने आय, व्यय र जिन्सी व्यवस्थापन सम्बन्धी कार्यलाई थप व्यवस्थित र नियमित गर्न अर्को निर्णय नभएसम्मको लागि गाउँ कार्यपालिकाको कार्यालयबाट नै कार्य सम्पादन गर्नको लागि आवश्यक व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने।

ग. गाउँ कार्यपालिकाको कार्यालय भवनलाई चट्याङ्गजन्य प्रकोपबाट हुन सक्ने क्षतिबाट बचाउन EARTHING SET र HEAVY DUTY LIGHTENING ARRESTER जडान प्रकृया अगाडि बढाउन मेशिनरी तथा औजार शीर्षकबाट रू २,६०,००० विनियोजन गर्ने।

घ. गाउँपालिकाबाट फिल्डमा खटिने कर्मचारीहरुको लागि गाउँपालिकाको स्वीकृत कार्यसञ्चालन निर्देशिका बमोजिम फिल्ड सुविधा उपलब्ध गराउन फिल्ड खर्च शीर्षकमा कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकबाट रू १५,००,००० (पन्ध्र लाख) रकमान्तर गर्ने। साथै सोही निर्देशिका बमोजिम कर्मचारीहरुको लागि ईन्धन सुविधा उपलब्ध गराउन ईन्धन सुविधा शीर्षकमा कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकबाट रू ३,००,००० (तीन लाख) रकमान्तर गर्ने।

ङ. मिति २०८२ चेत्र २१ गते काभ्रेपलाञ्चोकको बनेपामा हुने KSC Junior Invitational Taekwondo Championship-2082 मा राक्सिराङ्ग गाउँपालिकाबाट सहभागी हुने खेलाडीहरुको लागि प्रतियोगिता सहभागिता खर्चको लागि श्री राक्सिराङ्ग आई टि एफ तेक्वान्दो डोजाङलाई रू ७०,००० चालु आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम गापास्तरीय खेलकुद प्रतियोगिता शीर्षकबाट उपलब्ध गराउने।

च. गाउँपालिका भवनमा खानेपानी लागि हाल प्रयोग भैरहेको मुहानमा स्रोत कम हुन गई खानेपानी अभाव भैरहेकोले गाउँपालिकाको विविध पूँजिगत खर्च शीर्षकबाट रू ४००००० विनियोजन गरी आवश्यक कार्य गरी खानेपानी आपुर्तिको व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

CamScanner

छ. गाउँपालिकाको केन्द्र चैनपुर मा नेपाल टेलिकमको टावर जडानको लागि राक्सिराङ्ग आधारभुत अस्पतालको भवनको छत उपलब्ध गराउने गाउँपालिका केन्द्र र यस आसपासका क्षेत्रमा दीगो टेलिकम सेवा आपुर्तिको व्यवस्था मिलाउन नेपाल टेलिकमसँग अनुरोध गर्ने।

उपरोक्तानुसार निर्णयहरु सर्वसम्मतीले स्वीकृत गर्ने

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| (सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | (बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |
| (उत्तम वाइबा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष | |

CamScanner

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |

CamScanner

| सि. नं. | फरफारक मिति | आ.व. | योजना कार्यक्रम नाम | उ.स.अध्यक्षको नाम | लागत अनुमान | मूल्याङ्कन | बजेट | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०८२/१०/०२ | २०८२/०८३ | नरहरी मन्दिरबाटो निर्माण तथा सुधार योजना,राक्सिराङ्ग-९ | शिवकुमार मल्ल | ७३१६५६.३७ | ६४१२४९.७४ | ६१३५०४.९६८ | ६१३५०४.९७ |
| २ | २०८२/१०/०८ | २०८२/०८३ | घिमिरेटोल सुनारीसौरा सडक स्तरीकरण | धन बहादुर विश्वकर्मा | ४२५६१५.२६ | ४२४५४७.२९ | ३९८९९६.३०५ | ३९८९९६.३ |
| ३ | २०८२/१०/०६ | २०८२/०८३ | टिकेढुङ्गा चिहानडाँडा सडक निर्माण,रा-७ | सुदिप स्याङ्तान | ३१९३०५.७५ | ३१२१९३.६५ | २९३३१७.९०९ | २९३३१७.९१ |
| ४ | २०८२/१०/०६ | २०८२/०८३ | कृषि हाटबजार स्टेज निर्माण | महारुद्र कन्स्ट्रक्सन | ४४८६६९.१७ | ४४८६६९.१७ | ५००००० | ४४८६६९.१७ |
| ५ | २०८२/१०/०६ | २०८२/०८३ | सडक सरसफाई वडानं.०२ | वडा स्तरीय | ६५७००१.९१ | ६५४१४८ | ६९६९५९.३१३ | ६९६९५९.३१ |
| ६ | २०८२/१०/०६ | २०८२/०८३ | सडक सरसफाई वडानं.०१ | स्याङ्तान ईन्फ्रा प्रा.लि. । हेटौंडा-१९ | ६६०७५० | ६६०२६६.१६ | ६९९४८७.४१९ | ६९९४८७.४२ |
| ७ | २०८२/१०/०६ | २०८२/०८३ | सडक सरसफाई वडा नं.०७ | लक्ष्मी निर्माण सेवा,राक्सिराङ्ग-७ | ६०५८०६.३ | ६०५२०८.४९ | ६९९३०९.२४ | ६९९३०९.२४ |
| ८ | २०८२/१०/०६ | २०८२/०८६ | कालीखोला दोभान तटबन्धन,रा-३ | बज्र निर्माण सेवा,रा-३ | ५४००२२.४८ | ५४००२२.४८ | ६००००० | ५४००२२.४८ |
| ९ | २०८२/१०/२५ | २०८२/०८३ | कालिका मावि छात्राबास बाटो निर्माण | लोक बहादुर कोइराला | ६३८४२०.४६ | ६३१४९६.६२ | ५९३४९२.८४ | ५९३४९२.८४ |
| १० | २०८२/१०/२५ | २०८२/०८३ | सिदाम देबीथान निर्माण,राक्सिराङ्ग-६ | तिलक बहादुर थिङ | १५९६३६.३१ | १५३६४५.४ | १४४३७०.७२६ | १४४३७०.७३ |
| ११ | २०८२/१०/२५ | २०८२/०८३ | साउनेखोल्छी स्वास्थ्य चौकी सिंक्षाया सडक स्तरीकरण,राक्सिराङ्ग-९ | केशब प्रजा | १०४५१७३.२४ | १०३८४९८.८ | ९९३६१३.९९६ | १००७२१७.६ |

| सि.न. | फरफारक मिति | आ.व. | योजना कार्यक्रम नाम | उ.स.अध्यक्षको नाम | लागत अनुमान | मूल्याङ्कन | बजेट | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १२ | २०८२/१०/२५ | २०८२/०८३ | वडा कार्यालय,हुदै चिसापानी सम्म मेसिनरी वाल निर्माण योजना,राक्सिराङ्ग-९ | बिकेश प्रजा | १४११४५९.३९ | १४०८८१०.७ | १३४७४६६.६६ | १४०१४००.६ |
| १३ | २०८२/१०/२५ | २०८२/०८३ | नाग डुवान तटबन्धन | हरि बहादुर चेपाङ | ४२५६१३.६९ | ४२५२५०.२६ | ३९९६५८.४४१ | ४०२११५.२६ |
| १४ | २०८२/१०/२५ | २०८२/०८३ | अठारे बेलघारी सडक स्तरिकरण | प्रेम प्रसाद अर्याल | ४२५७२६.८८ | ४२०१०१.५९ | ३९४७१४.६४९ | ४४३०७८.३ |
| १५ | २०८२/१०/२५ | २०८२/०८३ | च्योवराङ्ग सडक स्तरीकरण | सिर्ले मुक्तान | ७५०१५५.२९ | ७३८३०५.४९ | ६८८९४२.४७६ | ४७०१९५ |
| १६ | २०८२/१०/२५ | २०८२/०८३ | कालिका मावि छात्राबास बाटो निर्माण | लोक बहादुर कोइराला | ६३८४२०.४६ | ६३१४९६.६२ | ५९३४९२.८४ | ६०९४४९.७२ |
| १७ | २०८२/१०/२५ | २०८२/०८३ | सिदाम देवीथान निर्माण,राक्सिराङ्ग-६ | तिलक बहादुर थिङ | १५९६३६.३१ | १५३६४५.४ | १४४३७०.७२६ | १६०९९० |
| १८ | २०८२/१०/२५ | २०८२/०८३ | करम डाँडा प्रतिक्षालय ,राक्सिराङ्ग-५ | सोभर सिं प्रजा | ३१९२३७.९८ | ३२१०९६ | ३००००० | ३१०९९५ |
| १९ | २०८२/१०/२५ | २०८२/०८३ | दुङथली खानेपानी योजना,राक्सिराङ्ग-६ | दुर्गा लाल थिङ | २१३३८९.७६ | १९२६६४.८ | १८०५७५.४८८ | १९९०४८.०७ |
| २० | २०८२/१०/२५ | २०८२/०८३ | तिसकादि खोल्सि ह्युमपाइप | जिवन मुक्तान | २१२८३९.७१ | २१४१११.२९ | २००००० | २०२१८५.३५ |
| २१ | २०८२/१०/२५ | २०८२/०८३ | चैनपुर गा.पा. खापा व्यवस्थाप न योजना,रा-५ | बि.एन्ड एस.ड्रिम हाउस कम्पनी प्रा.लि.,गौर | ७२५०३६ | ७२५०३६ | १०००००० | ७२५०३६ |
| २२ | २०८२/१०/२५ | २०८२/०८३ | सडक सरसफाई वडा नं.०६ | बि.एल.कन्स्ट्रक्सन,हेटौडा-४ | ५२२५४७.७५ | ४९१२६८.९१ | ५६४०८४.९९७ | ४९१२६८.९१ |
| २३ | २०८२/१०/२५ | २०८२/०८३ | सडक सरसफाई वडा नं.०३ | बज्र निर्माण सेवा,रा-३ | २४९६१७ | २४२४०२.४६ | २४२७७४.३९ | २४२४०२.४६ |

| सि. न. | फरफारक मिति | आ.व. | योजना कार्यक्रम नाम | उ.स.अध्यक्षको नाम | लागत अनुमान | मूल्याङ्कन | बजेट | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| २४ | २०८२/१०/२५ | २०८२/०८३ | सिमल भन्ज्याङ तटबन्धन,रा-५ | आर.आर.ए.ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ५६९९७१ | ५३९१२६.२ | ४७२९४१.७८१ | ५३९१२६.२ |
| २५ | २०८२/१२/०४ | २०८२/०८३ | सुर्योदय मा.वि. कक्षाकोठा मर्मत योजना | नेमराज रुम्बा | ४२५६९९.८८ | ३६७१३४.९४ | ३४४९७०.६७७ | ३४९७०१ |
| २६ | २०८२/१२/०४ | २०८२/०८३ | पलासे खानेपानी,राक्सिराङ्ग-६ | बेल बहादुर चेपाङ | २४५०६८.२५ | २४३७९९.४१ | २२८८२६.३४६ | २३८१४३.७५ |
| २७ | २०८२/१२/१५ | २०८२/०८३ | कालिका मन्दिर देखी कालिका माबि सडक स्ल्याप ढलान,राक्सिराङ्ग-४ | सिताराम ब्लोन | ५३२९३२.११ | ४१८०२४.२५ | ३९२९१२.७७९ | ४११८५३.८२ |
| २८ | २०८२/१२/०४ | २०८२/०८३ | चरिमारा देबीथान घेराबार,राक्सिराङ्ग-७ | बिनोद थिङ | ३१९२५५.५५ | ३१८२९२.११ | २९९०९४.६६९ | ३१५९३१ |
| २९ | २०८२/१२/१५ | २०८२/०८३ | कालिका मन्दिर देखी कालिका माबि सडक स्ल्याप ढलान,राक्सिराङ्ग-४ | सिताराम ब्लोन | ५३२९३२.११ | ४१८०२४.२५ | ३९२९१२.७७९ | ४११८५३.८२ |
| ३० | २०८२/१२/१५ | २०८२/०८३ | श्री मा.बि.देबीटार भौतिक संरचना सवलिकरण योजना,राक्सिराङ्ग-८ | मान बहादुर मुक्तान | ४२६२८८.०१ | ४२४२५२.६२ | ३९८०९०.१२७ | ४००३१९.८ |
| ३१ | २०८२/१२/१५ | २०८२/०८३ | पेङ्चे देवटोल तटबन्धन योजना,राक्सिराङ्ग-५ | अनुमाया चेपाङ | ६३८४४२.८५ | ६३३११८.६८ | ५९४९९६.४१७ | ६०११८७.५५ |
| ३२ | २०८२/१२/१५ | २०८२/०८३ | लामसुती तिनभङगाले सिचाई | राज कुमार प्रजा | ८५१८५३.३४ | ८३६५०० | ७८५५८१.२३६ | ८४४०७६ |
| ३३ | २०८२/१२/१५ | २०८२/०८३ | बोटबारी तटबन्धन निर्माण | धिरज प्रजा | ३१९४२६.९८ | ३१९११७.०७ | २९९७०८.९३८ | २९७८२० |
| ३४ | २०८२/१२/१५ | २०८२/०८३ | बेलभट्टी बोटबारी तटबन्धन योजना | भीम लामा मुक्तान | २१२८०१८.३६ | २१२४७७२.६ | १९९६९४९.५४ | २१२४७७२.६ |
| ३५ | २०८२/१२/१५ | २०८२/०८३ | कालिधाप निगराङ सडक स्तरीकरण,रा-२ | डिल बहादुर सिन्तान | ७४९५९०.४७ | ७५०८६४.४३ | ७००००० | ७१२०२७.२५ |